**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ जनवरी २०२६

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको करिअप्पा परेड ग्राउन्डमा वार्षिक एनसीसी प्रधानमन्त्री रैलीलाई सम्बोधन गर्नुहुनेछ l यस वर्षको रैलीको नारा 'राष्ट्र प्रथम-कर्तव्य निष्ठा युवा' रहेको छ।

- राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भारत-युरोपीय संघ स्वतन्त्र व्यापार सम्झौताको ऐतिहासिक वार्ताको सफल समापन भएकोमा खुसी व्यक्त गर्नुभएको छ l

- संसद्‌को बजेट सत्र आजबाट शुरु हुँदैछ।

- इलेक्ट्रोनिक्स एवम् सूचना प्रौद्योगिकी मन्त्री श्री अश्विनी वैष्णवले भारत बर्ष २०३५ सम्ममा विश्वका शीर्ष चार सेमिकन्डक्टर उत्पादक देशहरू मध्ये एक हुने मार्गमा अग्रसर रहेको बताउनुभएको छ।

- आज अन्तर्राष्ट्रिय डाटा गोपनीयता दिवसको रुपमा मनाइँदैछ।

- मौसम विभागले दिल्ली, हरियाणा, पञ्जाब, चण्डीगढ, हिमाचल प्रदेश, उत्तर प्रदेश, मध्य प्रदेश, राजस्थान र बिहारमा भोलिसम्म बाक्लो कुहिरो लाग्ने सम्भावना रहेको जनाएको छ।

**<u>प्रधानमन्त्री -एनसीसी रैली</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको करिअप्पा परेड ग्राउन्डमा वार्षिक एनसीसी प्रधानमन्त्री रैलीलाई सम्बोधन गर्नुहुनेछ l यस वर्षको रैलीको नारा 'राष्ट्र प्रथम-कर्तव्य निष्ठा युवा' रहेको छ। प्रधानमन्त्री कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'यो रैलीले भारतका युवाहरूमाझ कर्तव्य, अनुशासन र राष्ट्रिय प्रतिबद्धताको भावना झल्काउँछ। एन.सि.सी. प्रधानमन्त्री रैली संगै एक महिना सम्म चल्ने एनसीसी गणतन्त्र दिवस शिविर २०२६ को भव्य समापन हुनेछ। कार्यक्रममा ८९८ छात्रा क्याडेटसहित देशभरीबाट दुई हजार ४०६ एनसीसी क्याडेटको सहभागिता रहेको थियो। रैलीमा २१ देशका २०७ युवा र अफिसरको सहभागिता रहने आयोजकले जनाएको छ। यस अवसरमा एनसीसी क्याडेटहरू, राष्ट्रिय रंगशाला र राष्ट्रिय सेवा योजनाका सदस्यहरूले राष्ट्र निर्माण, समाज सेवा र चरित्र विकासमा खेलेको भूमिका प्रस्तुत गर्ने सांस्कृतिक कार्यक्रमपनि प्रस्तुत गरिनेछ।

**<u>प्रधानमंत्री नरेंद्र मोदी - भारत-यूरोपीय संघ मुक्त व्यापार समझौता</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत-युरोपीय संघ स्वतन्त्र व्यापार सम्झौता भारत र युरोपीय सङ्घबीचको सम्बन्धको लागि एक महत्त्वपूर्ण उपलब्धि बताउनु भएको छ। एक सामाजिक सञ्जाल पोष्टमा श्री मोदीले सबै युरोपीय नेताहरूलाई उनीहरूको रचनात्मक दूरदृष्टि र प्रतिबद्धताका लागि धन्यवाद दिनुभयो जसले यस सम्झौतालाई सम्भव बनाउनमा वर्षौंदेखि योगदान पुर्याएका छन्। यस सम्झौताले आर्थिक सम्बन्धलाई अझ प्रगाढ बनाउने, जनताका लागि अवसरहरू सिर्जना गर्ने र समृद्ध भविष्यका लागि भारत- युरोपीय संघको साझेदारीलाई बलियो बनाउने उहाले बताउनुभएको छ। प्रधान मन्त्री श्री मोदीले भन्नुभयो, विश्वको दोस्रो र चौथो ठूलो अर्थव्यवस्थाहरूबीचको यो ऐतिहासिक सम्झौताले अभूतपूर्व अवसरहरू

सिर्जना गर्नेछ र विकास र सहयोगको लागि नयाँ मार्गहरू खोल्नेछ। उहाले यो सम्झौताले सिंगो विश्वलाई फाइदा पुग्ने बताउनु भएको छ ।

1Byte -प्रधानमन्त्री

**राष्ट्रपति द्रौपदी मुर्मु - भारत-यूरोपीय संघ**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भारत-युरोपीय संघ स्वतन्त्र व्यापार सम्झौताको ऐतिहासिक वार्ताको सफल समापन भएकोमा खुसी व्यक्त गर्नुहुदै यसले दुवै देशका जनताको जीवनमा महत्त्वपूर्ण सकारात्मक परिवर्तन ल्याउने बताउनुभएको छ। उक्त सम्झौताले स्थिर, सन्तुलित र नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्था निर्माण गर्ने दुवै पक्षको सामूहिक चाहना प्रतिविम्बित भएको राष्ट्रपति मुर्मुले उल्लेख गर्नुभएको छ। उहाँले भन्नुभयो, भारत र युरोप समकालीन हितहरूद्वारा मात्र जोडिएका छैनन्, तर लोकतन्त्र, बहुलवाद र खुला बजार अर्थव्यवस्था जस्ता साझा मूल्यहरूद्वारा पनि जोडिएका छन्। हिजो साँझ राष्ट्रपति भवनमा युरोपीय परिषद्का अध्यक्ष एन्टोनियो कोस्टा र युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयनको सम्मानमा आयोजित भोजमा उहाँले बोल्दै हुनुहुन्थ्यो।

**संसद  बजट सत्र -आज**

संसद्को बजेट सत्र आजबाट शुरु हुँदैछ।  राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले संसदका दुवै सदनहरू - लोकसभा र राज्यसभाका सदस्यहरूलाई सम्बोधन गर्नुहुनेछ। भोलि आर्थिक सर्वेक्षण प्रस्तुत गरिनेछ भने केन्द्रीय बजेट आइतबार, एक फरवरीको  दिन प्रस्तुत गरिनेछ। पहिलो चरणको बजेट अधिवेशन आजदेखि १३ फरवरी सम्म चल्नेछ। दोस्रो चरणको सत्र  ९ मार्च  देखि २ अप्रेल सम्म हुनेछ। सदनको बजेट सत्रमा ३० वटा बैठक बस्नेछ।

**संसद  बजट सत्र -सरकार - सर्वदलीय बैठक**

संसदको बजेट  सत्र अघि सरकारले हिज  नयाँ दिल्लीमा सर्वदलीय बैठक बोलायो। बैठकको अध्यक्षता रक्षामन्त्री राजनाथ सिंहले गर्नुभयो । बैठकमा राज्यसभाका नेता जेपी नड्डा, संसदीय मामिला मन्त्री किरेन रिजिजू, संसदीय मामिला राज्यमन्त्री अर्जुनराम मेघवाल र डा. एल मुरुगन उपस्थित हुनुहुन्थ्यो 1 बैठकमा कांग्रेस नेता जयराम रमेश, द्रविड मुनेत्र कड़गमका नेता तिरुची शिवा, समाजवादी पार्टीका सांसद रामगोपाल यादव, कांग्रेस नेता सागरिका घोष र अन्य नेताहरू उपस्थित हुनुहुन्थ्यो। बैठकपछि पत्रकारहरूसँग बातचीत गर्नुहुदै  संसदीय मामिला मन्त्री किरेन रिजिजुले सत्र सुचारु सञ्चालनका लागि सहयोग गर्न सबै राजनीतिक दलहरूलाई अपिल गर्नुभएको छ।

2-Byte -किरण रिजिजु

**इलेक्ट्रॉनिकी और सूचना प्रौद्योगिकी मंत्री अश्विनी वैष्णव**

इलेक्ट्रोनिक्स एवम् सूचना प्रौद्योगिकी मन्त्री श्री अश्विनी वैष्णवले भारत बर्ष  २०३५ सम्ममा विश्वका शीर्ष चार सेमिकन्डक्टर उत्पादक देशहरू मध्ये एक हुने मार्गमा अग्रसर रहेको बताउनुभएको छ। नयाँ दिल्लीमा स्टार्टअप र सेमिकन्डक्टर उद्योगका प्रतिनिधिहरूलाई सम्बोधन गर्नुहुदै उहाँले भन्नुभयो, भारतको सेमिकन्डक्टर कार्यक्रम दीर्घकालीन र योजनाबद्ध पहलको रूपमा तयार गरिएको छ। यसमा दुबै स्टार्टअप र स्थापित कम्पनीहरू समावेश छन्। श्री वैष्णवले आगामी वर्षहरूमा देशले दुई नानोमिटर क्षमताका साथ उन्नत टेक्नोलोजी हबहरूको लागि रुपरेखा  तयार गरेको बताउनु भएको छ। श्री वैष्णवले भन्नुभयो, भारतले कम्प्यूट, नेटवर्किंग, पावर म्यानेजमेन्ट, सेन्सर र मेमोरी सहित प्रमुख प्रणाली श्रेणीहरूमा एक व्यापक सेमिकन्डक्टर डिजाइन इकोसिस्टम निर्माणमा ध्यान केन्द्रित गरिरहेको छ। कार्यक्रमको अर्को चरणको उद्देश्य आगामी वर्षहरूमा कम्तिमा ५० फ्याबलेस कम्पनीहरूलाई सहयोग गर्ने, घरेलु ट्याप-आउट सुविधाहरूलाई सुदृढ गर्ने र उन्नत सेमिकन्डक्टर क्षमताहरू विकास गर्ने लक्ष्य राखेको छ।

**विश्वविद्यालय अनुदान आयोग- शिक्षामन्त्री धर्मेन्द्र प्रधान**

सरकारले आश्वासन दिएको छ कि विश्वविद्यालय अनुदान आयोग (यूजीसी) को नयाँ दिशानिर्देश क्याम्पसहरूमा जातीय भेदभावलाई सम्बोधन गर्न हो र यसको दुरुपयोग गरिने छैन। शिक्षामन्त्री धर्मेन्द्र प्रधानले हिज पत्रकारहरूसँग बातचीत गर्नुहुदै भन्नुभयो , भेदभावको नाममा कानूनको दुरुपयोग नहोस् भन्ने कुरा सुनिश्चित गर्नु केन्द्र, राज्य सरकारहरू र विश्वविद्यालय अनुदान आयोगको जिम्मेवारी हो। मन्त्रीले अझ भन्नुभयो, यो विषय सर्वोच्च न्यायालयको निगरानीमा छ र सबै कार्यहरू संविधानको परिधिभित्र रहेर गरिनेछ ।

**3Byte - शिक्षामन्त्री धर्मेन्द्र प्रधान**

सरकार- अन्डमान र निकोबार द्वीप समूह

सरकारले अन्डमान र निकोबार द्वीप समूहहरूमा लगभग २०० करोड रुपियाँ लागतको स्मार्ट र एकीकृत माछा मार्ने बन्दरगाहको प्रस्तावलाई स्वीकृति दिएको छ। मायाबन्दरमा स्मार्ट तथा एकीकृत माछा मार्ने बन्दरगाहको विकासका लागि यो स्वीकृत गरिएको हो। मत्स्य पालन, पशुपालन र डेयरी मन्त्रालयले यो परियोजना प्रधान मन्त्री मत्स्य संपदा योजना अन्तर्गत १००% केन्द्रीय वित्तीय सहायता हुने बताएको छ।

भारत-युरोपीय संघ स्वतन्त्र व्यापार सम्झौता

मुम्बईको वर्ल्ड ट्रेड सेन्टरले लामो समयदेखि प्रतिक्षित भारत-युरोपीय संघ स्वतन्त्र व्यापार सम्झौता (एफटीए) को घोषणाको स्वागत गरेको छ। डब्ल्यूटीसीका अध्यक्ष डा. विजय कलेन्द्रीले एक विज्ञप्तिमा भन्नुभएको छ , 'यो सम्झौताले वैश्विक व्यापार प्रवाहलाई नयाँ आकार दिने, आपूर्ति श्रृंखलालाई बलियो बनाउने र एमएसएमई, स्टार्ट-अप र दुबै पक्षका ठूला उद्यमहरूका लागि ठूलो अवसरहरू खोल्ने क्षमता छ। यस सम्झौताले विश्वको सबैभन्दा ठूलो व्यापार साझेदारीमध्ये एक स्थापना गरेको बताउँनुहुदै श्री कलेन्द्रीले यो सम्झौताले लगभग दुई अर्ब जनताको बजारलाई जोड्न जानकारी दिनुभएको छ ।